भगवतीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

बोलपत्र फाराम

ठेक्काको नामः- नदीजन्य पदार्थको उत्खन्न संकलन तथा विक्री गरी आन्तरिक आय संकलन गर्ने कार्यको बोलपत्र आह्वान

ठेक्का नं. – आ.आ.१/२०८३/०८४

CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख,
कर्णाली प्रदेश, नेपाल

नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना
प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०६/१५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क. र कर्णाली प्रदेश आर्थिक ऐन, २०८३ को दफा ११ (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको तोकिएको क्षेत्रहरुबाट निधारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

सि. नं.	सुचना नं./ बोलपत्र नं.	वोलपत्रको नाम	उत्खनन् परिणाम (घन मि.)	न्युनता बोलपत्र रकम (सेवाशुल्क र मु.अ. कर बाहेक)	धरौटी रकम	बोलपत्र दस्तुर रु
१.	आ.आ./०१/२०८३/०८४	लोहोरे खोलाको बैतडी खोलादेखी उत्तर (भगवतीमाई गा.पा. वडा नं. ७ वडाभैरव तर्फको खण्ड) र कट्टी खोला (रुम खोला देखि लोहोरे दोभानसम्म)	४०८९।	७,२२,११७४०	कवोल अंकको ५ प्रतिशत	१,०००

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै नगद जम्मा गरेको नगद भौचर वा प्रभु बैंक भगवतीमाई शाखा कार्यालय वेस्तडामा रहेको यस कार्यालयको **ग: १.१ आन्तरिक राजश्व खाता नं. १५१०१०९३२८८०००९१** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ । तोकिएको वोलपत्र दस्तुर यस कार्यालयको राजश्व इकाईमा जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. वोलपत्र सम्वन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंक भगवतीमाई शाखामा रहेको **ग: ३.१ धरौटी खाता नं. १५१०१०९३२८८०००४१** जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट

इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाममा पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटरको नाम, ठेगान, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन, रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखी विभिन्न कार्यालयका प्रतिनिधी, निर्माण व्यवसायी र निजको प्रतिनिधीहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्र दाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगतै पछी कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिन भित्र मु.अ. कर समेत लिई कवोल अंकको प्रथम किस्ता वापत १०० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । साथै बोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप मु.अ.क. रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्वन्धित यस गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

नि·प्रमुख प्रशासकीय अधिकृत

<u>नदि जन्य पदार्थ उत्खनन्, संकलन र विक्रि वितरण गर्ने शर्तहरु</u>

१) साधारण निर्माणमुखी नदीजन्य पदार्थ निर्धारण स्थानबाट मात्र उत्खनन् तथा विक्रिवितरण गर्नुपर्नेछ । साथै घाटगद्दी गर्नु परेमा गाउँपालिकाले तोके वमोजिम हुनेछ ।

२) साधारण निर्माणमुखी नदिजन्य पदार्थको उत्खनन् संकलन गरी विक्रि वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्वन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्वन्धित फर्मको हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुने छैन् र त्यसको क्षतिपूर्ति दिन बाध्य हुने छैन् ।

CamScanner

३) ठेक्का कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंकको [illegible] उत्खनन्को लागि उल्लिखित परिणामको आधारमा विक्रि शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाव नियमानुसार एकमुष्ट सम्झौतासँगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४) यस गाउँपालिकाका क्षेत्रभित्र नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिणामको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, प्रदेश कानुन, नदी जन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा भएका अध्ययन प्रतिवेदन एंव वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

५) ठेक्का सम्झौतामा उल्लेखित नदी, खोलाहरु बाहेक नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री वितरण कार्य सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

६) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

७) विक्रि मुल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

८) मूल्य अभिवृद्धि कर नेपाल सरकार वा भगवतीमाई गाउँपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्नेछ । अन्य कर, दस्तुर, शुल्क आदि सबै फर्म स्वयंमले सम्वन्धित निकायमा बुझाउनुपर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

९) अस्थायी ठेक्का चलनपूर्जा दिईने छैन् । सम्झौता नगरी ठेक्का चलन गर्न पाइने छैन । समयमा नै सम्झौता नगरी ठेक्का चलनपूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन् ।

१०) शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयबाट छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्वर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

११) ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स फुकुवापत्र प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । सम्मानित अदालत, नेपाल सरकार, भगवतीमाई गाउँपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तव्य हुनेछ । निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्ति स्वरुप कुनै पनि रकम भगवतीमाई गाउँपालिकासँग दावी गर्न पाईने छैन् ।

१२) विक्री मुल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सुची तालिका र शर्तहरु सहितको होर्डिङ्गबोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्ने गरी राख्नु पर्नेछ ।

१३) ठेक्का सम्वन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ ।

१४) तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा भगवतीमाई गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षेतीपुर्तिको रकमको साथै बाँकी किस्ता रकमको १० प्रतिशत का दरले व्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्नेछ ।

१५) भगवतीमाई गाउँपालिकाले विक्री मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामाग्री पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाईनेछैन ।

१६) भगवतीमाई गाउँपालिकाले निर्देशन दिई शुल्क नलिने भनी पत्र लेखेको खण्डमा ठेकेदारले दस्तुर लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम भगवतीमाई गाउँपालिकाबाट माग गर्न पाउने छैन् ।

१७) नेपाल सरकारको निर्णय, प्रदेश सरकार, भगवतीमाई गाउँ कार्यपालिका र गाउँसभाको निर्णयबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१८) ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा भगवतीमाई गाउँपालिकाको पुर्व स्वीकृत लिएर मात्र राख्नु पर्नेछ ।

संकलन केन्द्र राख्ने स्थान

क्र.स.	ठेक्काको किसिम	संकला केन्द्र राख्ने स्थान	कैफियत
१	कट्टीखोला क्षेत्र	वेस्तडा, रुम खोला	राजमार्ग र सहायक राजमार्गमा तगारो राख्न पाईने छैन्
२.	लोहोरे खोलाको बैतडी खोलादेखी उत्तर जिर्कु पुलसम्म (भगवतीमाई गा.पा. वडा नं. ७ वडाभैरव तर्फको खण्ड)	लोहोरे खोला	राजमार्ग र सहायक राजमार्गमा तगारो राख्न पाईने छैन्

१९) आ.व. २०८३/०८४ को लागि निम्नानुसारको नदी जन्य सामाग्रीमा प्रती घन फिट विक्रीदरमा मु.अ.कर वापत १३ प्रतिशत थप गरी निम्न अनुसार विक्री मुल्य वा शुल्क संकलन गर्न पाईनेछ । साथै तोकिएको अवधी भन्दा पहिले तोकिएको परीणाम उत्खनन् भएको खण्डमा थप परिणाम उत्खनन् गर्न रोक लगाईनेछ । परिमाण पछि थपघट भएमा वा सो सम्वन्धी अन्य कुनै व्यवस्था भएमा सोही अनुसार हुनेछ । साथै तोकिएको समयभित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक वर्षमा म्याद थप हुने छैन् ।

नदी जन्य वन खानी जन्य पदार्थ	रोयल्टी (क्यू.फि.) रु.	वातावरणीय शुल्क रु.	जम्मा रु.	मु.अ.कर रकम (१३ प्रतिशत)	कुल जम्मा
ढुंगा, गिट्टी	५.०	०.०	५.०	०.६५	५.६५
ग्राभेल, मोरङ	५.०	०.०	५.०	०.६५	५.६५
वालुवा, मिक्स वालुवा	५.०	०.०	५.०	०.६५	५.६५

२०) साधारण निर्माणमुखी नदीजन्य तथा खानिजन्य पदार्थ विक्रि वापत गाउँपालिकालाई बुझाउनुपर्ने विक्रि शुल्क विवरण देखाएको ढाँचामा राख्नुपर्नेछ ।

प्रति घन फिट

नदी जन्य वन खानी जन्य पदार्थ	ठेकेदारले लिन पाउने विक्री मुल्य शुल्क (... प्रतिशत)	मु.अ.कर रकम (१३ प्रतिशत)	कुल जम्मा

२१) सामान्य निर्माणमुखी नदीजन्य पदार्थहरु उत्खनन, संकलन तथा विक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्रथामिकता दिनुपर्नेछ ।

CamScanner

२२) नदीबाट उत्खनन् गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी भगवतीमाई गाउँपालिकामा बुझाउनु पर्नेछ ।

२३) नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनी कार्य गर्न पाईने छैने ।

२४) साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुंगा, गिट्टी, वालुवा आदी संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

२५) भगवतीमाई गाउँपालिकाबाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाइनेछैन र भगवतीमाई गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइने छैन् । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन गर्दा हुँदा वा अन्य कतैबाट भएको उजुरी उपर छानविन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

२६) सम्झौता भई ठेक्का चलनपूर्जी जारी गरिएपछि कुनै किसिमको मिन्हा माफी हुने छैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेक्का रोक्का वा वदर गर्ने निर्णय भएमा बाँकी अवधिको दामासाहीले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट सोधभर्ना भएमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ सभाको निर्णयानुसार मिन्हा माफी दिन सकिने छ ।

२७) ठेक्का सम्झौता भएको भोलिपल्ट देखी २०८४ जेठ मसान्तसम्म विहान ६:०० बजेदेखी वेलुका ६:०० बजेसम्म मात्र उत्खनन् एंव संकलन अवधि हुनेछ तर जिल्ला अनुगमन तथा समन्वय समितिले उपयुक्त ठह-याएमा चालु वर्षको ठेक्का बढाबढबाट कायम दरमा सम्बन्धित ठेकेदार मार्फत वा अन्य तरिकबाट प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भए बमोजिम तोकिएका २ वटा घाटहरु मध्येबाट मात्र उत्खनन् हुने गरी २०८४ जेठ २० गते सम्मको लागि उत्खनन्को समायावधि थप गर्न सकिने छ ।

२८) ठेकेदारले नियमानुसारको मूल्य अभिवृद्धि कर रकम उठाउन पाउनेछ ।

२९) ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/संकलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइने छैन तर विशेष परिस्थितिको सन्दर्भमा नदीजन्य पदार्थ भगवतीमाई गाउँपालिका, जिल्ला अनुगमन तथा समन्वय सतिकिो निर्णय बमोजिम हुनेछ ।

३०) चालु आर्थिक वर्षको तोकिएको अवधिभित्र उत्खनन् गरेको निर्माण सामग्रीहरु २०८४ असाढ मसान्त सम्म विक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा एक हप्ता अगावै कार्यविधिमा उल्लेखित प्राविधिक समितिबाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनुपर्नेछ । तर नदी वा नदी किनारामा रहेको सामग्रीलाई मौज्दात मानिने छैन् ।

३१) निर्माण सामग्री उत्खनन् गरी घाटगढ्डी वा निकासा गर्दा यस पालिकाकै क्षेत्र भित्र वा क्षेत्रबाट मात्रै अन्य पालिकालाई असर नपर्ने गरी गर्नुपर्नेछ । साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थल सम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो वापत लागेको खर्च गाउँपालिकामा दावी गर्न पाईनेछैन ।

३२) उत्खनन् गर्दा नजिक रहेको सडक, वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षेती नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

३३) कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवै तर्फ पाँच सय मिटर भित्र निर्माण सामाग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

CamScanner

३४) मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थाल सम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजि जग्गामा पर्ने भए सम्वन्धित जग्गा धनीको मन्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय संग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

३५) ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखी २०८४ जेठ मसान्तसम्म विहान ६:०० बजे देखी बेलुका ६:०० बजे सम्म मात्र उत्खनन् एंव संकलन समय अवधी हुनेछ ।

३६) साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सिमा भित्र रही मात्र प्रयोग गर्नुपर्नेछ ।

३७) ठेक्का लगेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालबस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भए पनी सम्वन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३८) उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पुर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार वदलिने गरी उत्खनन् गर्न पाईने छैन ।

३९) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलव्ध गराई सम्पुर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा विक्री प्रवन्ध मिलाउनुपर्नेछ ।

४०) ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

४१) स्वीकृती वातावरणीय प्रतिवेदनमा उल्लेख भएमाा वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रि गर्नु पर्नेछ ।

४३) यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ दैलेख
कर्णाली प्रदेश, नेपाल

मिति: २०८३/....../.............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भगवतीमाई गाउँपालिका,
वेस्तडा, दैलेख ।

विषय: बोलपत्र पेश गरेको ।

महोदय,

सेवामा निवेदन यो छ की यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पगनाथ दैलेखको क्षेत्र भित्र रहेको ढुंगा, गिट्टी, वालुवा, मोरङ, ग्राभेल आदीको विक्री तथा निकासीमा कर संकलन गर्न आ.व. २०८३/०८४ को लागि ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान गरी यस भगवतीमाई गाउँपालिकाको कार्यालयको मिति २०८३/०६/१५ गते प्रकाशित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु. .... अक्षेरुपी .... मा ठेक्का लिने मन्जुरी भएकोले धरौटी वापत रु. .... को बैंक भौचर यसै साथ संलग्न राखी बोलपत्र दाखिला गरेको छु ।

तपसिल :

सि.नं.	ठेक्को नाम	कवोल अंक (मु.अ. कर बाहेक)	अक्षेरुपी	कवोल रकम	कैफियत
१.	कट्टीखोला र लोहोरे खोलाको भगवतीमाई गाउँपालिकामा तोकिएको क्षेत्र				
			जम्मा रकम		
			मू.अ.कर १३ प्रतिशत		
			कूल जम्मा रकम		

कूल जम्मा रकम अक्षेरुपी : ....

निवेदक :
नाम :
ठेगाना :
फर्म :
दस्तखत :
मिति :

CamScanner

Bid Security

Bank Guarantee

Bank's Name, and Address of Issuing Branch or Office
(On Letter head of the 'A' class Commercial Bank)

Beneficiary: .... ***name and address of Employer*** ....

Date: ....

Bid Security No.: ....

We have been informed that . ...***[insert name of the Bidder]*** (hereinafter called —the Bidder‖) intends to submit its bid (hereinafter called —the Bid‖) to you for the execution of .... ***name of Contract*** . ... under Invitation for Bids No. .... (—the IFB‖).

Furthermore, we understand that, according to your conditions, bids must be supported by a bid guarantee.

At the request of the Bidder, we...................... . ***name of Bank***. .... hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of . . ..***amount in figures*** .... (. ....***amount in words*** ....) upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Bidder is in breach of its obligation(s) under the bid conditions, because the Bidder:

(a) has withdrawn or modifies its Bid during the period of bid validity specified by the Bidder in the Form of Bid; or

(b) does not accept the correction of errors in accordance with the Instructions to Bidders (hereinafter —the ITB‖); or

(c) having been notified of the acceptance of its Bid by the Employer during the period of bid validity, (i) fails or refuses to execute the Contract Agreement, or (ii) fails or refuses to furnish the performance security, in accordance with the ITB.

(d) is involved in fraud and corruption in accordance with the ITB

This guarantee will remain in force up to and including the date ....***number***...........days after the deadline for submission of Bids as such deadline is stated in the instructions to Bidders or as it may be extended by the Employer, notice of which extension(s) to the Bank is hereby waived. Any demand in respect of this guarantee should reach the Bank not letter than the above date.

This Bank guarantee shall not be withdrawn or released merely upon return of the original guarantee by the Bidder unless notified by you for the release of the guarantee.

This guarantee is subject to the Uniform Rules for Demand Guarantees, ICC Publication No. 758.

. . .Bank's seal and authorized signature(s) . . .

Note:

The bid security of .... has been counter guaranteed by the Bank .... on .... (Applicable for Bid Security of Foreign Banks).

CS CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ दैलेख
कर्णाली प्रदेश, नेपाल

Performance Security

(On letterhead paper of the 'A' class commercial Bank)

.... ***Bank's Name, and Address of Issuing Branch or Office*** ....

Beneficiary: .... Name and Address of Employer ....

Date: ....

Performance Guarantee No.:..

We have been informed that ... ... ***[insert name of the Contractor]*** (hereinafter called "the Contractor") has been notified by you to sign the Contract No. .. .. ***[insert reference number of the Contract]*** for the execution of ... .. ***[insert name of contract and brief description of Works]*** (hereinafter called "the Contract").

Furthermore, we understand that, according to the conditions of the Contract, a performance guarantee is required.

At the request of the Contractor, we ... . ***[insert name of the Bank]*** hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of .... ***[insert name of the currency and amount in figures*]*** (... .... insert amount in words) such sum being payable in Nepalese Rupees, upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Contractor is in breach of its obligation(s) under the Contract, without your needing to prove or to show grounds for your demand or the sum specified therein.

This guarantee shall expire, no later than the ... . Day of ... . **, and any demand for payment under it must be received by us at this office on or before that date.

....

Seal of Bank and Signature(s)

Note:

All italicized text is for guidance on how to prepare this demand guarantee and shall be deleted from the final document.

 The Guarantor shall insert an amount representing the percentage of the Contract Price specified in the Contract in Nepalese Rupees.

** Insert the date thirty days after the date specified for the Defect Liability Period. The Employer should note that in the event of an extension of the time for completion of the Contract, the Employer would need to request an extension of this guarantee from the Guarantor. Such request must be in writing and must be made prior to the expiration date established in the guarantee. In preparing this guarantee, the Employer might consider adding the following text to the form, at the end of the penultimate paragraph: ―The Guarantor agrees to a one-time extension of this guarantee for a period not to exceed [six months], in response to the Employer's written request for such extension, such request to be presented to the Guarantor before the expiry of the guaranteeǁ.

CS CamScanner

भगवतीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

सूचना नं. ०४/खरिद इकाई

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१५)

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख यस गाउँपालिका अन्तर्गत देहायका खोलाहरुबाट गिट्टी, वालुवा उत्खनन, संकलन तथा बिक्री कार्य गर्नु पर्ने भएकोले हार्ड-बिड मार्फत रितपूर्वकको बोलपत्र आह्वान गर्दछ ।

ठेक्का नं.	कामको विवरण	न्यूनतम बोलपत्र अङ्क (सेवा शुल्क र मु.अ.क. बाहेक)	बोलपत्र फाराम दस्तुर रु.	जमानत रकम रु.
आ.आ./०१/२०८३/०८४	लोहोंरे खोलाको (बैतडी खोलादेखि उत्तर भगवतीमाई गापा वडा नं ७ वडाभैरव तर्फको खण्ड) र कट्टीखोला (रुम खोला देखि लोहोंरे दोभानसम्म) ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, संकलन तथा बिक्री कार्य	७,२२,११७।४०	१,०००/-	कबोल अङ्कको ५ प्रतिशत

बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र दरभाउपत्र जमानतः

बोलपत्र पेश गर्ने अन्तिम मिति		बोलपत्र खोलिने मिति		बोलपत्र फाराम खरिदको लागि बैंक खाता			बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता			राजस्व शिर्षक
मिति	समय	मिति	समय	खाताको नाम	खाता नम्बर	बैंक र शाखा	खाताको नाम	खाता नम्बर	बैंक र शाखा	
२०८३/०६/२२ गते	१२:०० बजे भित्र	२०८३/०६/२२ गते	१४:०० बजे	GA:1.1 BHAGAWATIMAI GA.PA. ANTARICK RAJASHWO KHATA	15101093 28800091	प्रभू बैंक भगवतीमाई शाखा	GA:3 BHAGAWATIMAI GA.PA. STHANIYA TAHA DHARAUTI KHATA	15101093 28800041	प्रभू बैंक भगवतीमाई शाखा	१४२२९

नोटः विस्तृत सूचनाको लागि यस कार्यालयको वेवसाइट https://bhagawatimaimun.gov.np/ मा हेर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner